# नेपालको सन्दर्भमा मानव अधिकारका मुद्दामा राजनीतिक प्रभाव

डा. टिकाराम पोखरेल


**सार–सङ्क्षेप**

*मानिसले सभ्यताको इतिहासमा राजनीतिक अधिकार प्राप्तिका लागि गरेका सङ्घर्षलाई नै मानव अधिकारको पनि इतिहास भनेर अध्ययन गर्ने गरिएको छ। विभिन्न धर्मग्रन्थहरूमा मानव अधिकारसम्बद्ध विषयवस्तु उठान भए पनि पूर्व र पश्चिम दुवै सभ्यतामा मानव अधिकारका सवाल लामो समयसम्म छायाँमा नै रहे। इतिहासमा नेपाल पनि राजनीतिक रूपमा लामो समयसम्म अनुदार रह्यो। विश्वका अन्य मुलुकमा राजनीतिक क्रान्तिहरू हुँदै गर्दा समेत नेपाल भने राजनीतिक रूपमा चेतनाविहीन रह्यो। चेतनाको अभावमा मानव अधिकारको बहस पनि भएन। विश्वमा राजनीति र मानव अधिकारको विकास सँगसँगै भएको हो। नेपालमा पनि राजनीति र मानव अधिकारको विकास सँगसँगै भएको छ। राणा शासनको अन्त्यको केही दशकपछि मानव अधिकारसम्बन्धी सङ्घ संस्थाहरूको स्थापना भए। त्यसपछि राजनीतिक अधिकारका बहस गर्दा मानव अधिकारका विषयहरू स्वतः समेटिए। विकासका क्रममा राजनीतिमा मानव अधिकारको प्रभाव र मानव अधिकारमा राजनीतिको प्रभाव परिरहेको छ। नेपालको मानव अधिकारमा राजनीतिको सकारात्मक र नकारात्मक दुई किसिमको प्रभाव परेको छ। मानव अधिकारको चेतना वृद्धि, संविधान र ऐनमा मानव अधिकारसम्बन्धी व्यवस्था, मानव अधिकारसम्बन्धी आयोगहरूको स्थापना, राजनीतिक दलहरूको मानव अधिकारप्रति प्रतिबद्धता, नेपालको मानव अधिकारप्रति अन्तर्राष्ट्रिय प्रभाव र चासो, नागरिक अधिकारको प्रत्याभूति राजनीतिक विकासको परिणामस्वरूप नेपालको मानव अधिकारमा परेको सकारात्मक प्रभाव हो। यसैगरी राज्यको अनुदार दृष्टि, मानव अधिकारप्रति दलहरूको उदासिनता, मानव अधिकारमाथि राजनीतिक छायाँ, राजनीतिक द्वन्द्वमा मानव अधिकार उल्लङ्घन, आर्थिक सामाजिक सांस्कृतिक अधिकारप्रति राज्यको उदासिनता, राज्यको स्वच्छाचारी चरित्र मानव अधिकारमाथि राजनीतिले पारेका नकारात्मक प्रभाव हुन्। राजनीतिक क्रियाकलापबाट बन्ने सरकारको पहिलो दायित्व नै मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति हुने हुँदा मानव अधिकार स्वतः राजनीति निरपेक्ष हुन सक्दैन। मानव अधिकार र राजनीति दुवैमा एकआपसी प्रभाव परेकै हुन्छ।*


***प्रमुख शब्दकुञ्जीहरू:*** मानव अधिकार, राजनीति अधिकार, आर्थिक अधिकार, सामाजिक अधिकार, सांस्कृतिक अधिकार, चेतना,

## १. राजनीतिक अवधारणा

परम्परागत रूपमा राजनीति भनेको समूहमा प्रतिस्पर्धा गर्ने, समूहबाट शक्ति प्राप्त गर्ने र शक्तिलाई प्रयोग गरी समूहलाई नियन्त्रण गर्ने क्रियाकलाप हो। राजनीति शक्तिको खेल हो। शक्ति व्यक्तिगत स्वार्थ र समूहबाट

प्राप्त हुने विषय भएकोले समाजमा हरेक व्यक्तिको राजनीतिमा चासो रहने गर्दछ। आधुनिक युगमा प्रत्यक्ष परोक्ष राजनीतिबाट कोही पनि व्यक्ति र कुनै पनि क्षेत्र निरपेक्ष रहन सक्तैन।

राजनीतिको अध्ययन राजनीतिशास्त्रले गर्दछ तर आज राजनीति विशुद्ध राजनीतिशास्त्रको मात्र विषय नभएर समाजको अभिन्न अङ्ग बनिसकेको छ। समाजका क्रियाकलापमा राजनीतिक भाष्य जोड्न थालिएको छ। समाजिक क्रियाकलापहरूमा राजनीति खेल्यो, राजनीति गर्यो, राजनीतिक भाषा बोल्यो जस्ता शब्दहरू प्रयोग हुन थालेको छ। समाजको अभिन्न अङ्ग भएर पनि राजनीति आज सबैले बुझ्ने तर कसैले नबुझ्ने विषय बनेको छ। राजनीतिकै कारण मानिस अरू मानिसभन्दा भिन्न भएकाले पश्चिमा दार्शनिक अरस्तुले मानिसलाई राजनीतिक जनावर (Political Animal) को संज्ञा दिएका छन्।

राजनीति 'राज' र 'नीति' दुई पदावली मिलेर बनेको छ । 'राज'को अर्थ शासन र 'नीति'को अर्थ उचित काम गर्ने कला हो । शाब्दिक रूपमा राजनीति ग्रिक भाषाको पोलिस (Polis) शब्दबाट उत्पत्ति भई त्यसबाट पोलिटिकल साइन्स (political Science) बनेको र पोलिटिकल साइन्सको भाषिक अनुवादित रूप राजनीतिशास्त्र भएको हो। पोलिसको अर्थ नगरराज्य भन्ने बुझिन्छ। पूर्वीय आचार्य कौटिल्यले राजनीतिलाई अर्थशास्त्रसँग तादाम्यता गर्दै राजनीतिशास्त्रको व्याख्या गरेका छन् भने मनुले राजनीतिशास्त्रलाई मानवशास्त्रको रूपमा व्याख्या गरेका छन्। मनुकृत मनुस्मृतिको सातौं अध्याय मूलतः राजनीतिसँग सम्बन्धित छ। याज्ञवल्क्यको याज्ञवल्क्यस्मृतिको प्रभाव त नेपालको संविधान र मुलुकी ऐनमा देखिएको छ (सिवाकोटी, २०६४, पृ.४) भन्ने मत पनि देखिन्छ।

समयको अन्तरालसँगै राजनीतिक चिन्तन र विचारमा परिवर्तन आएको छ। प्राचीन युनानमा राज्यशास्त्रको अर्थमा परिभाषित गरिने राजनीतिशास्त्र अहिले विज्ञानको रूपमा स्थापित भएको छ। परम्परागत राज्यशास्त्रले राजनीति के हो भन्नेभन्दा बढी कस्तो हुनुपर्छ भनी शास्त्रीय व्याख्या गर्दथ्यो। प्लेटोको आदर्श गणराज्य, पूर्वीय दर्शनको रामराज्य, कौटिल्यका राजनीतिक विचार, चिनियाँ राजनीतिक दर्शनको आदर्श युग सबै व्यवहारमुखीभन्दा बढी आदर्श र भावनात्मक थिए। राजनीतिमा आदर्शको खोजीले राजनीति यथार्थबाट विमुख भएको थियो।

प्राचीन पूर्वीय आचार्यहरूले राजनीतिलाई मानव धर्मको रूपमा पनि परिभाषा गरेको पाइन्छ। मनुले राजनीतिलाई मानवधर्म भनेका छन् भने सामवेदमा राजनीतिलाई शासकको कर्तव्यको रूपमा परिभाषा गरिएको छ। कौटिल्यले राजनीतिलाई राज्य सञ्चालनको कला भनेका छन्। पश्चिमा चिन्तक गार्नरले राजनीतिलाई राज्यसञ्चालनसँग जोडेका छन् भने राजनीतिशास्त्रका जनक मानिने एरिस्टोटलले राजनीतिलाई 'मास्टर साइन्स' अर्थात् विज्ञानहरूको पनि विज्ञान भनेका छन्।

विगतमा राजनीतिशास्त्रको केन्द्र राज्य र सरकार भए पनि आधुनिक युगमा खासगरी दोस्रो विश्वयुद्धपछि राजनीतिशास्त्रको बुझाइमा परिवर्तन आएको छ। आज राजनीतिशास्त्रले राज्य र सरकारको मात्र नभएर समग्र मानवीय क्रियाकलाप, शक्ति, राजनीतिक प्रणाली तथा निर्णय-प्रक्रियाको समेत अध्ययन गर्दछ (सिवाकोटी, २०६४, पृ.८) ।

## २. पूर्वीय राजनीतिक चिन्तन

पूर्वीय परम्परामा लेखिएको वेद र पुराणहरूमा राजनीतिक चिन्तन र दर्शनको पर्याप्त प्रभाव रहेको छ। समग्र राज्यप्रणाली र शासनप्रणाली निरङ्कुश भएमा मानव अधिकारको अवस्था दयनीय हुन्छ। ऋग्वेदका अनुसार वैदिक कालमा राष्ट्रप्रमुख वा राजा जनताबाट चुनिने गर्थे। राष्ट्र प्रमुखमा जनताले रुचाउने काम गर्नुपर्ने कर्तव्य थियो। राष्ट्र प्रमुखका कारण राष्ट्रको गौरव क्षीण हुनु हुँदैनथ्यो। उनले राष्ट्रका निम्ति अविचल भई काम गर्नुपर्दथ्यो। स्थिर शासन र राष्ट्रको नेतृत्व गर्नुपर्दथ्यो। सुशासन प्रदान गर्नपर्दथ्यो। दुःख दिने मानिसलाई अलग गर्नुपर्दथ्यो । जनतालाई शत्रुहरूबाट जोगाउनु पर्दथ्यो। राज्यलाई सुदृढ बनाउनु पर्दथ्यो (डा.प्रपन्नाचार्य, २०३७)।

महाभारतलाई धार्मिक ग्रन्थको रूपमा लिइन्छ। तर महाभारत धार्मिक कम राजनीतिक बढी हो। यसको कथानक संरचना, चरित्र, पर्यावरण पूर्णतः राजनीतिक छ। आजको हिन्दु राजनीति महाभारतबाट प्रभावित छ। महाभारतको समय आजभन्दा करिब पाँच हजार वर्षपहिलेको मानिन्छ। यो मात्र पौराणिक कथा हो वा यथार्थ घटना भन्ने बहस र विवाद गर्न सकिन्छ। कृष्णका कतिपय लीला मायावी प्रकृतिका छन्। भक्ति र आस्था निरपेक्ष भएर हेर्नेले समग्र भागवतलाई पौराणिक आख्यान भनेर पनि लिन सक्छन्। तथापि त्यसमा खासगरी महाभारतमा वर्णित समाज र भूगोललाई कसैले नकार्न सक्तैन (खनाल २०७४), ।

महाभारत वास्तवमा एक राजनीतिक दस्तावेज हो। एक सुझबुझपूर्ण राजनीतिको पूर्ण नैतिक शिक्षाको दस्तावेज हो। विचार गर्दा महाभारतको कथा र अहिलेको नेपालको राजनीतिको कतिपय पक्ष उस्तैउस्तै रहेको भान हुन्छ। यसमा कौरव र पाण्डव पक्ष को को हुन्, त्यो आआफ्नो बुझाईमा भर पर्ने कुरा हो। महाभारतको सुरुवातलाई धृतराष्ट्रको अति पुत्रमोह जसले अप्रत्यक्ष रूपले दुर्योधनलाई दम्भी, घमण्डी र आफ्नो जितको लागि जस्तोसुकै अनैतिकतासम्म उत्रन सक्ने चरित्र निर्माण गर्न मद्दत गरेको हुन्छ। .... यसमा भीष्मको प्रतिज्ञा जसले गर्दा युद्ध रोक्न नसक्ने बाध्यता अनि धर्मराजको रूपमा सम्मानित युधिष्ठिरको जुवाको लत पनि उतिकै जिम्मेवार देखिन्छ। त्यसका साथै सबैभन्दा महत्त्वपूर्ण पाण्डवहरूको अस्तित्व, सम्मान र न्याय राज्यपक्षले दिन नसक्दा महाभारत हुन पुगेको भनिन्छ र अन्त्यमा न्यायको जित भए पनि असङ्ख्य मानव जीवनको क्षति भएको इतिहास छ (झा, २०१९)।

भनिन्छ— दुनियाँमा भएको सबै कुरा महाभारतमा छ। यसैलाई उल्ट्याएर भनिन्छ— महाभारतमा नभएको कुरा दुनियाँमा केही छैन। बाह्य रूपमा हेर्दा महाभारत मानव जीवनमा नित्य घटित भइरहने दृश्यावलीको विश्वकोश हो। यसरी हेर्ने हो भने महाभारत राजनीतिक दर्शन र व्यवहारिक पक्ष हुवै भएको शास्वत कृति रहेको छ ( गिरि, २०७९) ।

महाभारत कथा मात्र होइन, बृहत सन्देशसहितको एउटा राजनीतिक र कूटनीतिक दस्तावेज पनि हो। त्यसैले राजनीतिक घटनाक्रम, सत्ता, राजनीतिज्ञबारे कुरा स्पष्ट पार्न वा कुनै सन्देश प्रवाह गर्न महाभारतका किस्सा उक्काउने गरिन्छ (कुँवर, २०७८)। महाभारतका कथाहरू धार्मिक सन्दर्भमा भन्दा बढी राजनीतिक सन्दर्भमा पुकारिनु भनेको यसको राजनीतिक दर्शनको कारण हो।

पूर्वीय राजनीतिक दर्शनका चिन्तक मनुले मूलतः राजधर्मको व्याख्या गरेका छन्। मनुरचित मनुस्मृतिको सातौं अध्याय राजनीतिसँग सम्बन्धित छ। उनले हिन्दू सम्राटका गुणहरूको चर्चा गर्दै राजाको जनताप्रतिको उत्तरदायित्व, राजाको स्थान, राजाको नीति र स्वभावको चर्चा गरेका छन्। मनुस्मृतिमा उनले राज्यको सप्ताङ्ग सिद्धान्तको चर्चा गर्दै स्वामी, मन्त्री, पुर, राष्ट्र, कोष, दण्ड र मित्रलाई राज्यका सप्ताङ्ग भनेका छन् (लुइँटेल,अनुः तिलकप्रसाद)।

भारतीय राजनीतिक चिन्तनमा यथार्थवादी धारणा प्रस्तुत गर्ने आचार्य कौटिल्यको राजनीतिक विचार ज्यादै महत्त्वपूर्ण छ। चन्द्रगुप्त मौर्यका महामन्त्री समेत रहेका चाणक्य आदर्श र व्यवहारिक दुवै राजनीतिका सङ्गम हुन्। उनले आफ्नो पुस्तक अर्थशास्त्रमा आर्थिक विषय मात्र नभएर राजनीतिक, कुटनीतिक र मानव जीवनसँग सम्बन्धित विषयमा धारणा राखेका छन्। यस ग्रन्थमा राजाको जीवन, व्यवहार, राज्यका निकायहरूको कर्तव्य, न्यायिक व्यवस्था, दण्ड विधान, सत्रु राज्यलाई वशमा पार्ने उपाय, राज्यमा आएको आपत्ति विपत्तिबाट बच्ने उपाय, युद्ध सम्बन्धी नियम, भेद नीति, जादू टुनामुना, राज्यको अर्थ नीति आदि विषय उल्लेख छ (प्रा डा.दाहाल, रामकुमार, पृ.७)। मनुले झैं कौटिल्यले पनि राज्यका सप्ताङ्ग सिद्धान्त स्वीकारेका छन्। कौटिल्यले वर्णाश्रम धर्म कायम गर्नु, दण्डको व्यवस्था गर्नु, आयव्ययको हिसाब गर्नु, प्रमुख पदहरूमा नियुक्त गर्नु, लोकहित र सामाजिक कल्याण सम्बन्धी कार्य गर्नु र युद्ध गर्नुलाई राजाका प्रमुख कर्तव्यहरू भनेका छन् (प्रा डा.दाहाल, रामकुमार, पृ.१०)।

## ३. मानव अधिकारको अवधारणा

मानव भएको कारण प्राप्त अधिकार नै मानव अधिकार हुन्। मानव अधिकार मानव जीवनसँग अभिन्न छ। जन्मपूर्वदेखि मृत्युपर्यन्तसम्म मानिसलाई अधिकार चाहिन्छ। मानवलाई अन्य प्राणीभन्दा भिन्न देखाउने मुख्य आधार नै मानव अधिकार हो। मानव अधिकार सभ्य समाजको सूचक पनि हो। मानव अधिकारले व्यक्तिको जीवन स्वतन्त्रता, समानता, मर्यादा, गोपनीयता, अविभेद, समानता जस्ता आधारभूत कुराहरूलाई निर्विवाद आत्मसाथ गर्दछ।

मानव अधिकार कसैले लिने वा दिने विषय होइन, मानव भएर जन्मेपछि प्राकृतिक रूपमा स्वतः प्राप्त हुने विषय हो। त्यसैले मानव अधिकारलाई प्राकृतिक अधिकार (Natural Rights) पनि भनिन्छ। मानिसलाई आवश्यक पर्ने शिक्षा, स्वास्थ्य, खाद्यान्न, राजनीति, पहिचान, बसोबास, धर्म, संस्कृति, परम्परा, आवतजावत, बोल्ने, हिंड्ने, खेल्ने, घुम्ने जस्ता सबै आधारभूत आवश्यकता र मानव गतिविधि मानव अधिकारभित्रै पर्दछन् ।

सबै अधिकार सबैका लागि मानव अधिकारको मूल मन्त्र नै हो। एउटा व्यक्ति जहाँ जन्मे पनि, जुन भूगोलमा रहे पनि जुनसुकै अवस्थामा भए पनि उसको मानव अधिकार सुरक्षित हुनुपर्दछ। भनिन्छ— मानव अधिकारको कुनै सीमा हुँदैन। तर आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारमा असर पर्यो भने त्यहाँ सीमा लाग्छ (पोखरेल, २०८०, पृ.२)।

मानव अधिकारको उपभोगमा अवरोध भएमा मानव अधिकार उल्लङ्घन भनिन्छ। मानव अधिकार उल्लङ्घन विश्वमा नै हुने गर्छ, तर समयसन्दर्भमा उल्लङ्घनका स्वरूपहरू परिवर्तन भैरहेका छन्। नव अधिकारको

उल्लङ्घन रोक्ने पहिलो जिम्मेवारी राज्यको हो, तर गैरराज्यपक्षको समेत मानव अधिकारको संरक्षण संवर्धनमा भूमिका हुन्छ। मानव अधिकारको संरक्षण र संवर्धनमा काम गर्ने व्यक्ति वा संस्थालाई मानव अधिकार रक्षक भनिन्छ। मानव अधिकार रक्षकहरूले मानव अधिकारको संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन्।

## ४. आधुनिक मानव अधिकारको विकास

मानव अधिकारको अवधारणा आधुनिक भए पनि यसको जन्म मानिससँगै भएको अनुमान गर्न सकिन्छ। यद्यपि पहिलो मानव कहिले उत्पत्ति भयो भनेर किटान गर्न नसकिए जस्तै पहिलो पटक मानव अधिकारको उत्पत्ति वा सुरुवात कहाँबाट भयो भनेर एकीन गर्न सकिन्नँ । मानवको उत्पत्ति हुँदा मानव अधिकारको बारेमा मानिसमा बोध थिएन। बोध नभएकाले उपभोग र सुनिश्चितताको सवाल नै थिएन। सभ्यताको लामो अन्तरालमा मानिस सामाजिक, राजनीतिक जीवनमा प्रवेश गर्‍यो। राजनीतिक विकाससँगै समानान्तर रूपमा मानव अधिकारको विकास भयो। राजनीतिक सङ्घर्षमा मानव अधिकारका सवाल जोडिन थाले।

आजको मानव अधिकारको बहस जुन कोणबाट भएको छ, त्यो मानव अधिकारको आधुनिक अवधारणा हो । त्यसैले मानिसले आधुनिक र सभ्य हुँदै गर्दा राजनीतिक अधिकार प्राप्तिका लागि गरेका सङ्घर्षलाई नै मानव अधिकारको इतिहास भनेर अध्ययन गर्ने गरिएको छ । सन् १२१५ मा बेलायतमा निरङ्कुश राजतन्त्रको विरुद्ध नागरिक अधिकारको लागि आन्दोलन भयो । परिणमस्वरूप राजा जोनले जनप्रतिनिधिमूलक संसदको अधिवेशन नियमित बोलाउनुपर्ने, कानुन संसदले मात्र बनाउनुपर्ने, राजाले स्वच्छाचारी कर लगाउन नपाउने, कानुनको सर्वोच्चता, स्वतन्त्र न्यायालयको व्यवस्था, कानुनबमोजिम मात्र थुनामा राख्न पाइने व्यवस्था गरेर राजाका असीमित अधिकार कटौती गरिएको दस्तवेज (म्यागनाकार्ता) मा हस्ताक्षर गरे । यसैलाई पश्चिमा मानव अधिकारको प्रारम्भ विन्दु मानिन्छ । सन् १६८८ बेलायमा जारी भएको बिल अफ राइट्स (Bill of Rights), सन् १७७६ को अमेरिकी स्वतन्त्रता सङ्ग्रामको घोषणापत्र, सन् १७८९ को फ्रान्सको स्वतन्त्रता क्रान्तिको घोषणापत्र पनि पश्चिमा मानव अधिकारको विकासमा महत्त्वपूर्ण रहे ।

प्रथम विश्वयुद्ध (सन् १९१४-१९१८) मा भएको मानवतामाथिको वर्वरता पछि सन् १९२० मा राष्ट्रसङ्घ (League of Nations) को स्थापना भयो। प्रथम विश्वयुद्धमा असङ्ख्य धनजनको क्षति हुनुका साथै मानवीय कानुनको समेत उल्लङ्घन हुन पुग्यो। राष्ट्रसङ्घबाट मानव अधिकारको विकास र पालनाका लागि केही प्रयासहरू भएता पनि उद्देश्यबमोजिम प्रभावकारी कार्य गर्न नसकेकोले उक्त सङ्घ असफल भयो। फलस्वरूप दोस्रो विश्वयुद्ध भयो र राष्ट्रसङ्घ विघटन हुन पुग्यो । विघटनपूर्व राष्ट्रसङ्घले सन् १९२६ मा दासत्व महासन्धि जारी गर्‍यो। उक्त महासन्धि विश्वबाट दासत्वको अन्त्यका लागि महत्त्वपूर्ण रह्यो।

सन् १९४०-१९४५ मा भएको दोस्रो विश्वयुद्धको घाउमा मलम लगाउन १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भयो। भविष्यमा हुनसक्ने युद्धबाट विश्वलाई बचाउन तथा मानव अधिकारको रक्षा गर्नको लागि राष्ट्रसङ्घ स्थापना भएको हो । राष्ट्रसङ्घको बडापत्रमा मानव अधिकारको संरक्षण र विश्व शान्तिको परिकल्पना छ। जाति, लिङ्ग, भाषा र धर्मको भेदभावविना सबैको लागि मानव अधिकार र मौलिक स्वतन्त्रता भन्ने मान्यता र सिद्धान्तलाई बडापत्रमा स्वीकार गरिएको छ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ विश्व मानव अधिकारको इतिहासमा सबैभन्दा महत्त्वपूर्ण चरण हो। १० डिसेम्वर १९४८ मा जारी भएको यो घोषणापत्रलाई मानव अधिकारको विश्वव्यापी मापदण्डको रूपमा लिइन्छ। यो घोषणापत्रले विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार नै मानवमा अन्तरनिहित प्रतिष्ठा, सम्मान र अविच्छिन्न अधिकारहरूको सम्मान नै हो भन्ने कुरा स्वीकार गरेको छ। विश्व्यापी मान्यताको रूपमा रहेको मानव अधिकार र मौलिक स्वतन्त्रताहरूप्रति सम्मान गर्दै मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको हो (पोखरेल, २०८०, पृ.४३)।

युद्धको समयमा मानव अधिकारको उल्लङ्घन रोक्न र मानवोचित व्यवहार गर्न सहयोग पुगोस् भन्ने हेतुले सन् १९४९ मा ४ वटा महासन्धिहरू जारी भए। यिनीहरूलाई मानवीय कानुन वा युद्धको कानुन पनि भनिन्छ। जेनेभा महासन्धि युद्धमा हुने मानव अधिकारको उल्लङ्घन रोक्न महत्त्वपूर्ण रहेको छ। यसपछि पनि मानव अधिकारसम्बन्धी महासन्धिहरू धमाधम जारी भए। अहिले संयुक्त राष्ट्रसङ्घबाट २०० भन्दा बढी महासन्धि जारी भैसकेका छन्।

मानव अधिकारसम्बन्धी दस्तावेजहरूसँगै त्यसको कार्यान्वयनका लागि राष्ट्रसङ्घअन्तर्गत विभिन्न निकायहरूको स्थापना भयो। मानव अधिकार परिषद्, मानव अधिकार उच्चायुक्तको कार्यालय, सन्धिजनित समितिहरू बन्नुका साथै राष्ट्र सङ्घीय समाधीक्षकहरू र विशेष प्रतिनिधिहरूको नियुक्ति भयो। राष्ट्रसङ्घले आह्वान गरे अनुरूप संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले आफ्नो देशमा मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरू स्थापना गरे। देशभित्रको मानव अधिकार संरक्षणका लागि यो महत्त्वपूर्ण कदम हो। यसैगरी एम्नेष्टी इन्टरनेशनल, ह्युमन राइटस वाच, रेडक्रसजस्ता संस्थाहरूले मानव अधिकार र मानवीय कानुनको कार्यान्वयमा महत्त्वपूर्ण कार्य गरेका छन् । देशभित्र खुल्ने गैरसरकारी संस्थाहरूको मानव अधिकारको विकासमा महत्त्वपूर्ण योगदान रह्यो। नेपालकै सन्दर्भमा भन्ने हो भने सरकारीभन्दा गैरसरकारी क्षेत्रले मानव अधिकारको बहस धेरै पहिले सुरु गरेको हो।

## ५. पूर्वीय चिन्तनमा मानव अधिकार

पूर्वीय चिन्तन र दर्शनमा मानव अधिकारको अध्ययन गर्दा ऋग्वेद, सामवेद, अथर्ववेद, यजुर्वेद, मनुस्मृति, याज्ञवल्क्यस्मृति, शुक्रनीति, कौटिल्यको अर्थशास्त्र, बुद्धका उपदेश ग्रन्थहरू आदि उल्लेखनीय छन्।

पूर्वीय सनातन दर्शनसँग मानव अधिकारलाई जोडेर हेर्दा अधिकार र कर्तव्य अभिन्न देखिन्छन्। कर्तव्यको माध्यमबाट नै अधिकारको सुनिश्चितामा जोड दिइएको पाइन्छ। अधिकार भनेको शक्ति हो। शक्तिले मानिसलाई भ्रष्ट बनाउँछ तर कर्तव्यले मानिसलाई नम्र बनाउँछ। एउटाले कर्तव्य पालना गर्दा अर्काको अधिकार सुरक्षित भइरहेको हुन्छ। त्यसैले अधिकारको स्रोत कर्तव्य हो।

पूर्वीय चिन्तन परम्परामा मानव अधिकार भन्ने भिन्न दर्शनशास्त्र वा विधाको विकास नभए पनि पूर्वीय शास्त्रका विभिन्न कथा, उपकथा र सन्दर्भहरूमा मानव अधिकारसँग सम्बन्धित विषयहरू पाउन सकिन्छ। वेद तथा पुराणमा मानव अधिकारसँग जोडेर व्याख्या गर्न सकिने विषयहरू यत्रतत्र छन्। शिवलाई अर्धनारीश्वरको रूपमा चित्रण गरिएको पौराणिक कथाहरू छन्। अर्धनारीश्वरको अवधारणाले लैङ्गिक समानताको विचारलाई बढावा दिन्छ। लैङ्गिक समानतामा समसामयिक मानव अधिकारको बहसलाई प्रतिध्वनित गरेको छ।

शिवको तेस्रो नेत्र प्रायः अन्तरदृष्टि र धारणाको प्रतीकको रूपमा देखिन्छ। न्यायको खोजीमा, अज्ञानता र अन्यायको विनाशकर्ताको रूपमा शिवको भूमिका निष्पक्ष व्यवहार, स्वच्छ सुनुवाइ, जवाफदेहिता, भेदभाव र उत्पीडनबाट व्यक्तिहरूको सुरक्षा सुनिश्चित गर्ने मानव अधिकारको सिद्धान्तसँग मेल खान्छ। अझ सरल शब्दमा भन्नुपर्दा एक वैश्विक न्यायाधीशको रूपमा शिवले न्यायको सिद्धान्तलाई मूर्तरूप दिएका छन्। उनले निष्पक्षता र स्वच्छ सुनुवाइलाई सुनिश्चित गर्दछन् । शिवलाई प्रायः पीडित र सीमान्तकृतहरूको भगवान्को रूपमा हेरिन्छ। उनी सामाजिक असमानताको विनाश र न्यायपूर्ण र समतामूलक समाजको निर्माणसँग अप्रत्यासित रूपमा जोडिएका छन् (खनाल,सचिन, २०८०)।

लैङ्गिकताको सन्दर्भमा हेर्ने हो भने वेदले महिला र पुरुष दुवैलाई समान देखेको छ। वेदमा लिङ्गका आधारमा कुनै भेदभाव गरिएको छैन। ऋग्वेदकालमा महिला समाज पूर्ण विकासको स्वरूपमा रहेको पाइन्छ। वेदका अनुसार वैदिककालिक महिला समाज पढ्न, लेख्नमात्रै होइन, राष्ट्र–समाज निर्माण वा आपतकालीन अवस्थामा पुरुष वर्गजस्तै कस्सिएर लाग्थे। नारी वीरत्वकै कारण समाज सभ्य भएको हो, राज्य चलयमान भएको हो प्रकृतिले गति लिएको हो र आजको विज्ञानले विकास गर्न सकेको हो (घिमिरे, २०७६)।

ऋग्वैदिक कालमा जनताको प्रतिनिधित्व प्रणाली व्यवस्थित गर्न सङ्गठित प्रणाली थियो। त्यस्तो समितिमा मत प्रतिमत राख्ने, खण्डन मण्डन गर्ने, बहुमत वा सर्वसम्मतका आधारमा टुङ्गोमा पुग्ने, सकेसम्म समाज कर्म, समान हृदय र समान मन बनाएर राष्ट्रका लागि एक भएर काम गर्नपर्ने र राष्ट्रको रक्षाको लागि सङ्गठित भएर रहनुपर्थ्यो ।

ऋग्वेदका विभिन्न ऋचामा विभिन्न प्रकारका मुक्तिको चर्चा छ, जसको सम्बन्ध मानव अधिकारसँग रहेको मान्न सकिन्छ। ती हुन् (अ) भयबाट मुक्ति, (आ) बन्धनबाट मुक्ति, (इ) रोगबाट मुक्ति, (ई) भोकबाट मुक्ति, (उ) अपराध र हिंसाबाट मुक्ति, (ऊ) सङ्कटबाट मुक्ति, (ए) अन्यायबाट मुक्ति, अर्थात् ऋग्वेदमा प्रार्थना वा कामना गर्दा व्यक्ति, परिवार, समाज र राज्यले बन्धनको समस्या भोग्न नपरोस् भनी कामना गरिएको देखिन्छ। ती कुनै प्रत्यक्ष, कुनै प्रतीक र कुनै दृष्टान्तका रूपमा उल्लिखित छन्। आजको मानव अधिकार भनिने कुरा पनि मूलतः भोक, रोग, बन्धन, शोषण, भय, हिंसा, सङ्कट र अन्यायका विषयवस्तुसँग नै सम्बन्धित छन् (बन्जाडे,२०७३, पृ.४) ।

ऋग्वेद बालविवाह, अनमेल विवाह, अनिच्छित विवाह र पारिवारिक हिंसा विरुद्ध देखिन्छ। यो वेदले वर्ण र वर्गका आधारमा कसैले पनि विभेदयुक्त व्यवहार गर्न नहुने कुरा उल्लेख गरेको छ। व्यापारीले ग्राहकको शोषण गर्न नहुने र गरेमा दण्ड दिनुपर्ने व्यवस्था छ। यस अर्थमा ऋग्वेद मानव अधिकारको पक्षमा देखिन्छ (बन्जाडे,२०७३, पृ. ५—७)।

बन्धन मानव अधिकार उपभोगको सबभन्दा ठूलो अवरोध हो। सामवेदमा बन्धन विरुद्ध विभिन्न कामना गरिएको छ। बन्धनमा राख्ने खालका दुष्ट प्रवृत्तिको विनास, पीडाबाट मुक्ति, ऋणबाट मुक्ति, शत्रुको परास्त, सबैको संरक्षण र पालना, अपराधिलाई दण्ड, मातापिता र महिलाको स्थान उच्च, अहिंसा, कर्तव्य, सबैप्रति समान व्यवहारका कुरा रहेको उल्लेख छ (बन्जाडे,२०७३, पृ. ८—९)। अथर्ववेदमा अपराध नियन्त्रण र दणडहीनताको

अन्त्य, कन्याले रुचाएको पतिले विवाह गर्नुपर्ने, महिलाको स्वास्थ्य सम्बन्धी कुरा, बालबालिकाको दीर्घायुका कुरा, सुशासन, कर्तव्य र अहिंसाका विषय उल्लेख छन्। यजुर्वेदमा पनि अपराध नियन्त्रण, दण्डहीनता, महिलाको उच्च स्थान, अहिंसा, समानता, स्वास्थ जस्ता मानव अधिकारसम्बद्ध विषयहरू उल्लेख छन् (बन्जाडे,२०७३, पृ. ९—१२) ।

पूर्वीय दर्शनमा धेरै स्मृति र नीतिहरू छन्। तीमध्ये मनुस्मृति, यज्ञवल्क्यस्मृति, पराशरस्मृति, शुक्रनीति, विदूर नीति आदि चर्चित छन्। आजको मानव अधिकारको आँखाले हेर्दा यी स्मृतिहरूमा उल्लेखित केही विषयहरू मानव अधिकारमैत्री नलागे पनि तत्कालीन समाज सापेक्षतामा पनि हेर्नुपर्ने हुन्छ। फेरि व्याख्याको नियम सकारात्मक पक्ष मात्र खोजेर बखान गर्ने पनि होइन र नकारात्मक पक्ष मात्र खोजेर आलोचना मात्र गर्ने पनि होइन। सबै पक्ष बुझेर समग्रतामा मूल्याङ्कन गर्ने हो।

मनुस्मृतिमा पराधीनतालाई दुःखको बीऊ भनिएको छ। शब्दको चोरीलाई सबैथोक चोरी गरेको मानिने भनिएको छ। वातावरण नष्ट गर्नेलाई कठोर सजाय दिने कुरा छ। उपभोक्ता ठगी गर्नेहरू दण्डको भागी हुनुपर्ने कुरामा जोड दिइएको छ। याज्ञवल्क्यस्मृतिमा राजामा असल गुण हुनुपर्ने, घुस लिन नहुने, कानुनसम्मत दण्डको प्रयोग हुनुपर्ने, गलत दण्ड गरिएमा पीडितबाट लिएको रकम फिर्ता गरिदिने र सजायमा प्रायश्चित गरिनुपर्ने, राजिखुसी केटाकेटी विवाह गर्न पाउने जस्ता मानव अधिकारसम्बद्ध कुराहरू रहेका छन्। शुक्रनीतिमा खुला न्यायासन (इजलास) मा सुनुवाइ हुनुपर्ने, उपभोक्तालाई ठग्न नहुने, घुस खान नहुने, दण्ड सजाय अन्यायपूर्ण गर्न नहुने, सूचना प्रवाह, सामाजिक आचारणको पालना गर्नुपर्ने जस्ता विषय उल्लेख छन् (बन्जाडे,२०७३, पृ. १३—२२)।

कौटिल्यको अर्थशास्त्रमा मूलतः राज्यप्रणाली, सामाजिक सम्बन्ध र व्यवहार, न्यायप्रबन्ध, दण्डनीति, प्रकृति र मानव तथा राज्यको सुरक्षासँग सम्बन्धित विषयहरू भए पनि यी विषयहरूको उल्लेख गर्दा मानव अधिकारसँग सम्बन्धित भएका छन्। मनुस्मृतिमा उल्लेखित राजाका गुणहरू, नियुक्तिमा योग्यता र क्षमता, लेखा प्रणालीको पारदर्शीता, अपराधअनुसारको दण्ड, उपभोक्ताका हीत, सामाजिक धर्म, संस्कृति र परम्परा, महिलाको संरक्षण, वातावरणको संरक्षण मानव अधिकारका सवाल नै हुन् (बन्जाडे,२०७३, पृ. २२—२६)।

विभिन्न धर्महरूमध्ये बुद्ध धर्मलाई विशेष धर्मको रूपमा ग्रहण गरिएको पाइन्छ । यस धर्मले सबै व्यक्ति, वर्ग र समुदायलाई समान ठान्दछ। कुनै पनि आधारमा कसैलाई पनि विभेद गर्न नपाइने कुरामा जोड दिएको छ। हिंसा र शान्ति, अपमान र सम्मान, विभेद र अविभेद, समानता र असमानता एक साथ रहन सक्दैनन्। महिला र पुरुष समान हुन्। साना हुन् वा ठूला, गरिब हुन् वा धनी सबैलाई बाँच्ने अधिकार छ। मानव अधिकारले स्वीकार गरेका शान्ति, अहिंसा, स्वतन्त्रता, समानता, अविभेद, मानव मूल्य आदि यस धर्मका आधार वा धरातल हुन्। बुद्ध धर्मले मानव अधिकार शब्द र त्यसभित्रका विषयलाई धार्मिक ग्रन्थमा प्रत्यक्षतः उल्लेख नगरिए पनि परोक्षतः यथोचित स्थान दिएको पाइन्छ। विशेषतः कर्तव्यमार्फत अधिकारको प्रयोगमा जोड दिइएको छ (सिवाकोटी, २०७४, पृ. ७३)।

मानव अधिकारले हिंसालाई स्वीकार गर्दैन। वृद्ध धर्म हिंसाविरुद्धको अहिंसात्मक हतियार हो। मानव

अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लिखित भावी पुस्तालाई युद्धको विभिषिकाबाट बचाउने .... कुरालाई बुद्ध धर्मले आत्मसात गरेको छ। मानवताभन्दा बाहिर बुद्ध धर्म छैन। बाँच र बचाउको भावनाबाट अभिप्रेरित यस धर्ममा सेवाको भावलाई उच्च स्थान दिइएको पाइन्छ। महिलाहरूको अलग भिक्षुणी सङ्घ स्थापना हुनु र त्यसमा ठूलो सङ्ख्यामा महिला भिक्षुणीको रूपमा आवद्ध हुन पाउने गरी अधिकार दिनु सामान्य कुरो थिएन। बुद्ध सङ्घमा सबै जातिको निर्वाध प्रवेश थियो। आमाबाट जन्मनाले नै कोही ब्राह्मण हुँदैन, अपरिग्रही र त्यागी जो छ त्यो ब्राह्मण हो (सिवाकोटी, २०७४, पृ. ८५) भन्ने जस्ता समानता र अविभेदका कुरा बुद्ध धर्मग्रन्थहरूमा पाउन सकिन्छ। जुन आजको मानव अधिकारले सबैभन्दा बढी वकालत गर्ने विषय पनि हुन्।

बुद्धले भोकलाई सबैभन्दा ठूलो रोग भनेका छन्। छोराछोरीको कर्तव्य, बाबुआमाको कर्तव्य, शिष्यको कर्तव्य, गुरुको कर्तव्य, लोग्नेको कर्तव्य, स्वास्नीको कर्तव्य, मित्रको कर्तव्यलाई सूक्ष्म ढङ्गले व्याख्या गरेको छ। अधिकारमार्फत व्यक्तिले आफ्नो हितका लागि सुविधा खोजेको हुन्छ भने कर्तव्यमार्फत अरूको हितको लागि सहायता गर्दछ। मानिस सामाजिक प्राणी भएकाले जुन समाजले उसलाई अधिकार प्रदान गर्दछ, त्यसप्रति उसले कर्तव्य पनि पालना गर्नुपर्दछ। कर्तव्यको दुनियाँमा मात्र अधिकारको अस्तित्व संभव छ (सिवाकोटी, २०७४, पृ. ८६)। कर्तव्यलाई निषेध गरी खोजिने अधिकारबाट मात्र कसैको अस्तित्व सम्भव छैन। मानव अधिकारका मूल्य, मान्यता वा सीमाभन्दा बाहिर धार्मिक मान्यता पनि रहन सक्दैनन्। अहिंसा, सहअस्तित्व, भातृत्व, विश्व शान्ति, मानवता आदि पक्षलाई आत्मसात गरेको बुद्ध धर्मलाई मानव अधिकारको आधारस्तम्भ भन्नुमा अन्यथा नहोला (सिवाकोटी, २०७४)।

जो व्यक्तिले पूर्वीय दर्शनको रसपान गर्न सक्छ, उसले जीवन र जगतलाई बुझ्दै मानवीय जीवन जिउन सिक्दछ। पूर्वीय दर्शनका अनुसार मानिसले कुनै पनि कर्म गर्दा यी उल्लिखित सम्बन्ध र कर्तव्यबाट टाढा हुनु हुँदैन। जुन व्यक्तिले आफ्नो अधिकार, कर्तव्य र सम्बन्ध बिच त्रिकोणात्मक सन्तुलन कायम गर्न सक्छ, ऊ सदाचारको पथमा सजिलै हिँड्न सक्छ।

पूर्वीय दर्शनले केवल मानिसको दिनचर्या, आश्रम प्रबन्ध र कानुनको पालनाजस्ता विषयमा मात्र मार्गदर्शन गरेको छैन। कुनै पनि मुलुकको शासन व्यवस्था कस्तो हुनुपर्दछ, नागरिक र राज्यबीचको सम्बन्ध, राज्यले नागरिकका लागि पूरा गर्नुपर्ने दायित्व र नागरिकले मुलुकको हित तथा राष्ट्रिय उन्नति र समृद्धिका लागि पूरा गर्नुपर्ने कर्तव्य समेतलाई व्याख्या गरेको छ। सबैले व्यक्तिगत रूपमा कर्तव्य निर्वाह गर्दा अरूको अधिकार पनि सुरक्षित हुनुपर्दछ भन्ने मान्यता लिएको सनातन दर्शनले सदाचार नीतिलाई राज्य सञ्चालनको मुख्य आधार मानेको पाइन्छ। अधिकार, कर्तव्य, अनुशासन, विधिको पालना, असल कर्म, सामाजिक मर्यादा, सबैप्रतिको सम्मान भाव र राष्ट्रिय हितलाई सदाचारिताको पूर्वसर्तका रूपमा पूर्वीय दर्शनले व्याख्या गरेको छ (घिमिरे, २०७६)।

## ६. नेपालमा मानव अधिकारको विकास

इतिहासको कालखण्डमा नेपाल राजनीतिक रूपमा लामो समयसम्म अनुदार रह्यो। विश्वका अन्य मुलुकमा राजनीतिक क्रान्तिहरू हुँदै गर्दा नेपाल भने राजनीतिक रूपमा चेतनाविहीन रह्यो। चेतनाको अभावमा मानव अधिकारको बहस पनि भएन। राणा कालमा शासकको विरोध गर्नेलाई मृत्युदण्ड दिने, देशनिकाला गर्ने,

चारपाटा मुड्ने जस्ता मानव अधिकार र मानवता विरोधी क्रियाकलाप भए। राणाहरूको विरोध गर्दा वि. सं. १९९७ मा सहिदकाण्ड भयो। धनीहरूले दासदासी राख्ने, जातीय विभेद गर्ने, वर्गीय विभेद गर्ने जस्ता काम भए। वि. सं. २००४ सालमा पदम शमशेरले लिखित संविधान जारी गरी केही नागरिक अधिकारका कुरा उल्लेख गरे तापनि उक्त संविधान कार्यान्वयन हुनै सकेन।

वि. सं. २००७ सालमा प्रजातन्त्रको उदय भयो। अन्तरिम शासन विधान २००७ जारी भयो। राजनीतिक रूपमा केही स्वतन्त्रता भए पनि मानव अधिकारको बहस भने यसबेला पनि हुन सकेन। वि. सं. २०१५ सालमा जारी भएको नेपालको संविधानले पनि मानव अधिकारको बहसलाई तीब्रता दिन सकेन। वि सं. २०१५ सालमा आमनिर्वाचन त भयो, तर जननिर्वाचित सरकार नै अपदस्थ भएर प्रजातन्त्रको हरण भयो। अभिव्यक्ति स्वतन्त्रतामा नै अङ्कुश लाग्यो। पञ्चायती व्यवस्था लादियो। पञ्चायतमा व्यवस्थाको विरोध गर्न नपाइने अवस्था रहयो। अभिव्यक्ति स्वतन्त्रतामा नै अङ्कुश लागेको बेला मानव अधिकार पनि छायाँमा परेको थियो।

पञ्चायती व्यवस्थाको अन्त्यतिर आइपुग्दा भने मानव अधिकारको बहस प्रारम्भ भयो। वि. सं. २०३६ सालमा भएको विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रह पछि राजनीतिक गतिविधिसँगै जोडेर मानव अधिकारको पनि बहस सुरु हुन थाल्यो। विभिन्न भूमिगत सङ्गठन र राजनीतिक गतिविधिहरू हुन थाले। मानव अधिकारसम्बन्धी केही गैरसरकारी संस्थाहरू पनि खुले। वि. सं. २०४६ को जनआन्दोलनपछि प्रजातन्त्रको पुनरुस्थापना भयो। त्यसपछि मात्र नेपालमा मानव अधिकारको बहसले तीब्रता पायो। वि. सं. २०४७ मा नयाँ संविधान जारी भयो। मौलिक हकहरूको व्यवस्था भयो। मानव अधिकारसम्बन्धी गैरसरकारी संस्थाहरूको स्थापनामा लहर आयो। वि. सं. २०५२ बाट सुरु भएको सशस्त्र विद्रोहमा मानव अधिकारको व्यापक उल्लङ्घन भयो। नेपालको मानव अधिकारको अवस्थाका बारेमा अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत प्रश्न उठ्यो।

यही सेरोफेरेमा वि. सं. २०५७ जेठ १३ मा राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भयो। द्वन्द्वको चरम अवस्थामा स्थापना भएपछि आयोगले द्वन्द्वमा भएको मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान र अनुगमन सुरु गर्यो। वि. सं. २०६३ मा लोकतन्त्र स्थापनाको आन्दोलनमा समेत मानव अधिकारको उल्लङ्घन भयो। वि. सं. २०६३ मा अन्तरिम संविधान जारी र वि. सं. २०७२ मा वर्तमान संविधान जारी भए। संविधानमा थुप्रै मौलिक हकहरूको व्यवस्था गरियो। यसले पनि नेपालको मानव अधिकारको अभियानलाई केही टेवा भने पुगेको छ। तथापि मानव अधिकार उल्लङ्घन भने रोकिएको छैन।

यसपछि पनि राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगहरू जस्ता मानव अधिकारसम्बद्ध विषयगत संवैधानिक आयोगहरूको स्थापना भयो। नेपालको मानव अधिकारको अभियानमा गैरसरकारी क्षेत्र र नागरिक समाजले समेत विशेष भूमिका खेले। तर पनि नेपालमा धनी र गरिब बीच ठूलो खाडल रेहेको छ। मानव अधिकारको पूर्ण प्रत्याभूति हुन सकेको छैन। कानुनी रूपमा थुप्रै अधिकार प्राप्त भए पनि व्यवहारमा भने लागू हुन नसक्दा नेपालको मानव अधिकारको अवस्था सन्तोषप्रद भने छैन।

## ७. राजनीति र मानव अधिकार सहयात्रा

राजनीति र मानव अधिकार आपसी सहयात्री हुन्। राजनीतिक विकास विना मानव अधिकारको विकासको कल्पना हुँदैन। मानव अधिकारको लेपन विना राजनीतिको सौन्दर्य हुँदैन। राजनीतिक विकासले मानव अधिकारको विकास हुन्छ र मानव अधिकारको लेपनले राजनीति थप जिम्मेवार हुन्छ। तर राजनीतिले एकातर्फ मानव अधिकारको विकास गर्छ भने अर्कोतर्फ मानव अधिकारमाथि नकारात्मक प्रभाव पनि पार्दछ ।

राजनीति र मानव अधिकार एकै नदीका दुई किनारा हुन्, जो समानान्तर रूपमा अगाडि बढ्दछन्। राजनीतिक अधिकारको प्रत्याभूतिसँगै व्यक्तिले मानव अधिकारको प्राप्ति गर्दछ। लोकतन्त्रलाई मानव अधिकारको मेरुदण्ड पनि भन्ने गरिन्छ। लोकतन्त्र र मानव अधिकार एकअर्काका परिपूरक पनि हुन्। लोकतन्त्र, विकास र मानव अधिकार तथा आधारभूत अधिकारहरूको सम्मान एक आपसमा अन्तर्निहित र पारस्परिक पनि हुन्छन्। जनताले स्वतन्त्रपूर्वक आफ्नो राजनैतिक गतिविधि, आर्थिक गतिविधि तथा सामाजिक र सांस्कृतिक परम्पराहरूको पूर्ण रूपमा उपभोग गर्न पाउनु नै मानव अधिकार हो र त्यो नै लोकतन्त्र हो (पोखरेल, २०७९, पृ.३)।

राजनीतिक व्यवस्था जति खुला हुन्छ त्यति नै मानव अधिकारको विकास तीव्र र उपभोग गर्न पाइने अवस्थाको सिर्जना हुन्छ। राजनीति धुमिल हुँदा मानव अधिकार सङ्कटमा पर्ने र राजनीति सफा भए मानव अधिकारको सम्मान हुन्छ। राजनीतिक सङ्कट भएका मुलुकमा मानव अधिकार उल्लङ्घनले व्यापकता पाउँछ।

विश्वमा राजनीति र मानव अधिकारको विकास सँगसँगै भएको हो। नेपालमा पनि राजनीति र मानव अधिकारको विकास सँगसँगै भएको छ। राजनीतिक चेतनाको दियो राणा शासनको अन्तिमतिरबाट प्रारम्भ भएको हो। त्यसको केही दशकपछि मानव अधिकारसम्बन्धी सङ्घसंस्थाहरू खुले। त्यसपछि राजनीतिक अधिकारका बहस गर्दा मानव अधिकारका विषयहरू स्वत समेटिए।

## ८. आदर्श राजनीतिको सूचक : मानव अधिकार

राजनीति र मानव अधिकारको विकासको इतिहास लामो भए पनि आजको मानव अधिकारको बहस विश्वयुद्धपश्चात् नै भएको हो। लोकतन्त्रको विकास पनि पछिल्लो उपलब्धि हो। आज विश्व राजनीतिमा कतिपय अनैतिक क्रियाकलाप पनि देखिएका छन्। राजनीतिलाई नैतिक बनाउने काम मानव अधिकारले गर्छ। मानव अधिकारले नै राजनीतिको शुद्धिकरण गर्छ। मानव अधिकारको जगमा नै सुसंस्कृत राजनीति हुन्छ। विगतमा राजनीतिलाई राजा र राज्यको आदर्श क्रियाकलापको रूपमा हेरिने गरे पनि आज प्रत्येक व्यक्ति र समाजको अभिन्न अङ्ग बनेकोले राजनीति प्रत्यक्ष मानव अधिकारको विषय भएको छ।

राजनीतिक क्रियाकपलाप जति धेरै मानव अधिकार निरपेक्ष हुन्छन्, त्यो राजनीतिक व्यवस्था र अवस्था अनुत्तरदायी हुन्छ। राजनीतिलाई आदर्श बनाउने भनेकै मानव अधिकारले हो। राजनीति मानव अधिकार सापेक्ष हुनुपर्छ। दलहरूका हुन् वा व्यक्तिको राजनीतिक क्रियाकलापले मानव अधिकारको संरक्षण र संवर्धन गर्नुपर्छ, सङ्कुचन गर्नु हुँदैन।

केही विश्लेषकले राजनीतिलाई फोहोरी खेलको संज्ञा दिएका छन्। राजनीति आफैंमा फोहोरी खेल

होइन, आदर्श खेल हो। खेलाडीले खेललाई फोहोर बनाउने हो। सफा खेलमा नियमको पालना हुन्छ। सफा राजनीतिमा मानव अधिकारको प्रत्याभूति हुन्छ। राजनीति फोहोरी खेल होइन, बरु स्वच्छ प्रतिस्पर्धाको खेल चाहिँ हो।

सत्ता र शक्ति प्राप्त गर्न चाहनु राजनीतिको पहिलो विशेषता हो। राजनीतिमा सत्ता र शक्ति प्राप्त गर्ने दौड चलिरहन्छ। जहाँ दौड हुन्छ, त्यहाँ त्यो दौड जित्ने चाहना सबैले राख्नु स्वाभाविक हो। प्रतिस्पर्धीलाई सबैले उछिन्न चाहन्छन्। तर दौड जित्ने तरिका दुईवटा हुन्छन्। पहिलो, आफू धेरै दौडेर आफू अगाडि पुग्ने, दोस्रो आफू दौडन नसके पनि अरूलाई पनि दौडन नदिएर आफूभन्दा पछाडि पारिदिनु। पहिलो खालको खेल प्राकृतिक खेल हो भने दोस्रो प्रकारको खेल अप्राकृतिक खेल हो। जुन खेल हेर्दा खेलजस्तो देखिए पनि यथार्थमा खेल होइन। तर यस्तो अप्राकृतिक खेललाई पनि नेपालको राजनीतिमा यदाकदा खेलको रूपमा बुझ्ने गरिएको हुन्छ (पोखरेल, २०७९, पृ. १४५)। यस्तो राजनीतिक क्रियाकलाप चाहिँ मानव अधिकार विरोधि हो।

## ९. नेपालको मानव अधिकारमा राजनीतिक प्रभाव

मानव अधिकार र राजनीतिले सँगसँगै यात्रा गर्ने भएकाले एकअर्कासँग निरपेक्ष हुँदैनन्। मानव अधिकारमा राजनीतिक प्रभाव हुन्छ तर कति सकारात्मक हुन्छ र कति नकारात्मक हुन्छ भन्ने बहस नै आजको प्रमुख बहस हो। मानव अधिकारको प्रत्याभूतिका लागि राजनीति नभई पनि नहुने हुनाले सकारात्मक प्रभावहरू मानव अधिकारका लागि स्वीकार्य छन्। नकारात्मक प्रभाव मानव अधिकारका बाधक हुन्। नेपालको सन्दर्भमा राजनीतिको मानव अधिकारमा पर्ने सकारात्मक र नकारात्मक प्रभावहरू निम्न छन्ः

### *९.१. सकारात्मक प्रभाव*

१. मानव अधिकारको चेतना वृद्धि : मानव अधिकारको प्रत्याभूतिका लागि नागरिक चेतना अभिवृद्धि अपरिहार्य छ। चेतनाको अभिवृद्धि मानव अधिकार शिक्षा, औपचारिक शैक्षिक उपलब्धि, सामाजिक क्रियाकलाप र राजनीतिक गतिविधिबाट हुन्छ। यीमध्ये सबैभन्दा प्रभावकारी माध्यम भनेको राजनीतिक क्रियाकलाप नै हो।

२. संविधान र ऐनमा मानव अधिकारसम्बन्धी व्यवस्था : नेपालको संविधानमा मानव अधिकारयुक्त प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा विभिन्न मानव अधिकारसम्बद्ध आयोगहरूसम्बन्धी व्यवस्था छ। संविधान राजनीतिक उपलब्धि भएको हुँदा संविधानमा भएको मानव अधिकारसम्बन्धी व्यवस्था राजनीतिले मानव अधिकारमा पारेको सकारात्मक प्रभाव हो। राष्ट्रिय मानव अधिकार आयोग ऐन तथा अन्य संवैधानिक आयोगसम्बन्धी ऐन तथा अन्य मानव अधिकारसम्बन्धी ऐनहरू राज्यले मानव अधिकारका लागि गरेका सकारात्मक कार्य हुन्।

३. आयोगहरूको स्थापना : संविधानले राष्ट्रिय मानव अधिकार आयोगलगायत अन्य मानव अधिकारसम्बन्धी आयोगहरूको स्थापना गरेको छ । मानव अधिकारसम्बन्धी गैरसरकारी संस्थाहरूसमेतलाई राज्यले कानुनद्वारा संरक्षित गरेको छ ।

४. राजनीतिक दलको मानव अधिकारप्रति प्रतिबद्धता : दलहरूले आफ्ना घोषणापत्रमा मानव अधिकार सवालहरूलाई समेट्नुका साथै मानव अधिकारप्रति प्रतिबद्धता जनाएका छन्।

५. अन्तर्राष्ट्रिय प्रभाव र चासो : नेपालको अन्तर्राष्ट्रिय सम्बन्धमा कुनै न कुनै रूपमा मानव अधिकारको प्रभाव देखिन्छ। संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र नेपालको मानव अधिकारप्रति राष्ट्रसङ्घको चासो छ । अन्तर्राष्ट्रिय सम्बन्ध राजनीतिक र मानव अधिकार दुवै विषय पनि हो ।

६. नागरिक अधिकारको प्रत्याभूति : नागरिक अधिकारको प्रत्याभूतिका लागि नेपालको राजनीतिक आन्दोलनको योगदान छ। अभिव्यक्ति स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता, बालिग मताधिकार, आवधिक निर्वाचन जस्ता विषयहरू राजनीतिक मात्र नभएर मानव अधिकारका विषय पनि हुन्।

### ९.२. *नकारात्मक प्रभाव*

१. राज्यको अनुदार दृष्टि : नेपालको मानव अधिकारको सवालमा जे जति प्राप्त भएको छ, त्यो राजनीतिक गतिविधि र राज्यको योगदान हो । कानुनी दस्तावेजमा बाध्यतावश कतिपय प्रावधान व्यवस्था गरिए पनि व्यवहारतः मानव अधिकारप्रति राज्यको दृष्टि अनुदार छ।

२. मानव अधिकारप्रति दलको उदासिनता : राजनीतिक दल मानव अधिकारका संवाहक हुनुपर्ने हो तर मानव अधिकारमाथि सबैभन्दा बढी नकारात्मक प्रभाव राजनीतिक दलको अप्रजातान्त्रिक क्रियाकलापकै पर्छ। राजनीतिक दलहरूले भाषणमा मानव अधिकारप्रति प्रतिबद्धता जनाए पनि व्यवहारिक क्रियाकलापमा भने दलहरू मानव अधिकारप्रति उदासीन छन्।

३. राजनीतिक छायाँ : मानव अधिकार र राजनीतिको यात्रा समानान्तर भए पनि मानव अधिकार राजनीतिको छायाँ जस्तो मात्र छ। जसरी मानिसको छायाँ मानिससँगै हुन्छ, तर अस्तित्व मान्छेको मात्र हुन्छ। नेपालको राजनीतिसँग मानव अधिकारसँग सँगै यात्रा गरेको भए पनि मानव अधिकारचाहिँ राजनीतिको छायाँजस्तो मात्र देखिन्छ।

४. राजनीति द्वन्द्वमा मानव अधिकार उल्लङ्घन : राजनीतिक आन्दोलनले मानव अधिकारको विकासमा भूमिका खेलेको भए पनि राजनीतिक द्वन्द्वको चपेटामा सर्वसाधारणको मानव अधिकारको हनन पनि हुन पुगेको छ। राणाकालको अन्त्य, पञ्चायतकाल, बहुदलीय शासनव्यवस्थाको बहालीको आन्दोलन, १० वर्षे द्वन्द्व, मधेश आन्दोलन र जनआन्दोलन -२ मा समेत मानव अधिकारको हनन हुन पुगेको छ।

५. आर्थिक सामाजिक सांस्कृतिक अधिकारप्रति उदासिनता : नागरिक तथा राजनीतिक अधिकारको सवालमा राज्यले केही हदसम्म सम्बोधन गरे पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सवालमा राज्यको ध्यान छैन। त्यसलाई सरकारले मानव अधिकार बुझेको पनि छैन। मानव अधिकारको उल्लङ्घन नगर्नु मात्र राज्यको दायित्व होइन, बरु मानव अधिकारको प्रत्याभूति पनि राज्यको दायित्व हो भन्ने कुरा राजनीतिक नेतृत्वको चेतनामा घुसेन।

६. राज्यको स्वच्छाचारी चरित्र : नेपालको राजनीतिमा पछिल्लो समय यस्तो मानसिकताको विकास भएको छ कि राजनीति नै सबै कुरा हो। राजनीतिक नेताले जे भन्छ, सरकार जे गर्छ, संसद्ले जे कानुन बनाउँछ,

अदालतले जे फैसला गर्छ, त्यो नै मानव अधिकार हो भन्ने भाष्य सिर्जना गर्न खोजिँदैछ। सरकारले गलत पनि गर्न सक्छ, नेताको बुझाइ गलत हुन सक्छ । सरकारले मानव अधिकार विरोधि कानुन पनि बनाउन सक्छ र अदालतका फैसला पनि मानव अधिकारमैत्री नहुन सक्छन्। राज्यका निकायका यस्ता स्वेच्छाचारी चिन्तन र क्रियाकलापले मानव अधिकार सङ्कटमा परेको छ।

## १०. निष्कर्षः

आजको युग लोकतन्त्रको युग हो। लोकतन्त्र राजनीतिक व्यवस्था हो। लोकतन्त्रमा मात्र मानव अधिकार फस्टाउँछ। लोकतन्त्र, मानव अधिकार र विधिको शासनलाई एकअर्काका परिपूरकका रूपमा समेत लिने गरिएको छ। लोकतन्त्रको सुन्दरता भनेकै मानव अधिकार हो। उदार राजनीतिक प्रणाली आफैमा मानव अधिकारको प्रतिबिम्ब हो।

मानव अधिकारको विषय हरेक व्यक्तिको नैसर्गिक र जन्मसिद्ध अधिकारको विषय भए पनि यसको संरक्षण र प्रत्याभूतिको विषय राज्यसँग जोडिन्छ। अर्थात् नागरिकको मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र प्रत्याभूतिको दायित्व राज्यको हो। भूगोल, जनता, सरकार र वैधता राज्यका अवयव भए तापनि मानव अधिकारको संरक्षणमा प्रमुख भूमिका सरकारकै हुन्छ।

राज्य राजनीतिक एकाइ हो। सरकार राजनीतिक क्रियाकलापबाट बन्छ । राजनीतिक कारणबाट बन्ने सरकारको पहिलो दायित्व नै मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति हुने हुँदा मानव अधिकार स्वतः राजनीति निरपेक्ष हुन सक्दैन। सरकार नै मानव अधिकारको पहिलो रक्षक भएकोले यथार्थमा राजनीति नै मानव अधिकारको रक्षक हो र मानव अधिकार नै राजनीतिको शुद्धिकरणको साधन हो भन्दा पनि अत्युक्ति हुँदैन।

आज कुनै पनि देशको अन्तर्राष्ट्रिय सम्बन्ध मानव अधिकारको जगमा बनेको हुन्छ। देशहरूका बीच सम्बन्ध सुमधुर छ कि समस्या छ, त्यो सम्बन्धको मियो मानव अधिकार हुन्छ। अन्तर्राष्ट्रिय महासन्धिहरू मानव अधिकार र राजनीतिक दुवै विषय हुन्। लोकतान्त्रिक व्यवस्थामा देशको निर्वाचन प्रणाली, मताधिकार, न्यायिक प्रणालीमा पनि मानव अधिकार जोडिन्छ।

आदर्श राजनीतिको जग भनेकै मानव अधिकार हो। अहिले कतिपय राजनीतिक क्रियाकलापमा जनताको असन्तुष्टि देखिन्छ, त्यो सबै सरकार र राजनीतिक दलहरू मानव अधिकारमैत्री हुन नसक्दाका परिणाम हुन्।

## सन्दर्भ सामग्रीहरु

डा. सिवाकोटी, गोपाल. (वि.सं. २०६४). *आधुनिक राजनीतिक विश्लेषण,* पैरवी प्रकाशन, २०६४।

डा. प्रपन्नाचार्य, स्वामी. (वि.सं. २०३७), *वेदमा के छ?।*

खनाल, कृष्ण (वि. सं.२०७४). *मन्थन पुस्तक समीक्षा. एडुकेशनल पब्लिशिङ्ग हाउस, काठमाडौं, २०७४.* https://isetnepal.org.np/wp-content/uploads/2019/09/Bhadra_2075-1-I.pdf

झा, वीणा.(२०१९). *नेपालको राजनीति र महाभारत.* नेपालको राजनीति र महाभारत - News Of Nepal

गिरि, प्रदिप.(वि. सं.२०७९). *महाभारतमा के छ?.* महाभारतमा के छ? :: प्रदीप गिरि :: Setopati

कुँवर, नवराज. (वि. सं.२०७८). *अनि रेखा पर्दाबाट झरिन्,* अनि रेखा पर्दाबाट निस्केर राजनीतिमा पसिन्

लुइँटेल,अनुः तिलकप्रसाद., *मनुस्मृति,* अध्याय नौ, श्लोक २९४ ।

प्रा डा.दाहाल, रामकुमार. *राजनीतिक चिन्तन र विश्लेषण.* सनलाईट पब्लिकेशन।

डा.पोखरेल, टीकाराम (वि.सं. २०८०). *मानव अधिकारको सिद्धान्त र क्षेत्र,* फ्रिडम फर अल नेपाल, २०८०।

खनाल,सचिन, (वि.सं. २०८०). *मानव अधिकार पूर्वीय दर्शनमा आदियोगि शिवको शिक्षा,* सुप्रिम खबर, मंसिर २५, २०८०, मानव अधिकार पूर्वीय दर्शनमा आदियोगि शिवको शिक्षा | Digital Media and Online News Portal in Nepal

घिमिरे, कल्पना. (वि.सं. २०७६). *पूर्वीय दर्शन, लैंगिक समानता र यसको सार्थकता, न्यूज कारोबार, जेठ २०, २०७६,* पूर्वीय दर्शन, लैङ्गिक समानता र यसको सार्थकता - Newskarobar

बन्जाडे, मोहन. (वि.सं. २०७३). *सनातन दर्शन र मानव अधिकार,* संवाहक, वर्ष २, अंक ३, पुष २०७३. cover final.indd

सिवाकोटी, कैलाशकुमार. (वि.सं. २०७४), *बुद्ध धर्म र मानव अधिकार,* संवाहक, वर्ष २, अंक ४, जेठ २०७४।

घिमिरे, कल्पना. (वि.सं. २०७६). *पूर्वीय दर्शन, मानवीय जीवन र सदाचारिता,* न्यूज कारोबार, जेठ १०, २०७६, https://www.newskarobar.com/posts/22041?fbclid=IwAR2KruvRgqRgD71Je2ncIS7UZjRZTOM4fN5J3-pse_1_J4ZtHe5qO2usQ3A_aem_AfvJq68JCLPAJE8rfKIcuO-vgyuTIGDBkJcXJGZSv8z0ycf86YIsc6rWC4Ptmr1_9I_fmmzu6jBVO7Ak3MWlukhL

पोखरेल, डा. टीकाराम (वि.सं.२०७९). *लोकतन्त्रमा मानव अधिकार,* स्वदेश प्रकाशन।